# तेस्रो तनहुँ भलिबल प्रतियोगिताको उपाधि पाल्पा भलिबल युनाइटेड यूएईलाई



**सुरिन भुजेल / मध्यान्ह**
यूएई, १६ माघ

यूएईमा आयोजित 'तेस्रो तनहुँ भलिबल प्रतियोगिता'को उपाधि पाल्पा भलिबल युनाइटेड यूएईले जितेको छ । तनहुँ सेवा समाज यूएईले 'स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल नाराका साथ अलकुजको बलेदिया र डोलस्कोमा आयोजना गरेको अन्तर नेपालीहरुबीच यूएईव्यापी खुला 'तेस्रो तनहुँ भलिबल प्रतियोगिता'को उपाधि पाल्पा युनाइटेडले हात पारेको हो ।

आइतबार नेपाल एशोसिएसन, एनआरएनए यूएईका अध्यक्ष विकास शाहीको प्रमुख आतिथ्यतामा भएको प्रतियोगितामा १९ टिमबीच प्रतिस्पर्धा भएको थियो । फाइनल खेल पाल्पा भलिबल युनाइटेड र परदेशी हातेमालो सहकारी संस्था (बी) यूएईबीच दुबईस्थित अलकुज डेल्स्को भलिबल खेल मैदानमा भएको थियो । पाल्पा टिम हातेमालो बी भलिबल क्लबलाई पहिलो सेट २५-२०, दोस्रो सेट २५-२० को सोझो २-० सेटमा हराउँदै प्रथम भएको हो । प्रथम भएको पाल्पा टिमले ५ हजार यूएई दिरामका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने दोस्रो भएको हातेमालो बी यूएईले ३ हजार यूएई दिरामका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । यस्तै तृतीय र चौथो हुन सफल तनहुँ सेवा समाज यूएई ए टिम र तनहुँ सेवा समाज यूएई बी टिमले समान एक-एक हजार दिराम, कप, मेडल र प्रमाणपत्र प्राप्त गरे ।

खेलको बेस्ट ब्लकर पाल्पाबाट योगेन्द्र साउद, बेस्ट स्पाइकर हातेमालोबाट विवेक तमाङ, बेस्ट सेटर हातेमालोबाट बाबा गुरुङ, बेस्ट सर्भिस हातेमालोबाट विकास परियार, बेस्ट लिब्रो पाल्पाबाट सन्तोष गुरुङ, बेस्ट कुइकर हातेमालोका दिनेश सुनार, बेस्ट कोच पाल्पाका लोकेस ठकुरी, उत्कृष्ट खेलाडी पाल्पाका प्रेम भण्डारी घोषित भए । उनीहरुलाई कप, मेडल, प्रमाणपत्र प्रदान गरियो ।

समाजका अध्यक्ष सुदिप कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि अन्तर र्राष्ट्रिय तनहुँ समाजका उपाध्यक्ष, तनहुँ सेवा समाज यूएईका प्रमुख संरक्षक तथा एनआरएनए आईसीसी सदस्य दिपक खड्का, विशेष अतिथिहरुमा नेपाली समाज यूएईका अध्यक्ष बेद प्रसाद अर्याल, प्रमुख सल्लाहकार कृष रायमाझी, सल्लाहकार एवम् प्रवासी नेपाली मञ्च यूएईका अध्यक्ष टक गुरुङ, सल्लाहकारहरु अमर रानाभाट, ओम बहादुर गुरुङ, नेपाली जनसम्पर्क समिति यूएईका संरक्षक एनआरएनए आईसीसी सदस्य खेम राज बस्नेत, नेपाली जनसम्पर्क समिति यूएईका सभापति भुवानीप्रसाद तिमिल्सिना, एनआरएनए एनसीसी यूएईका उपाध्यक्ष एवम् लमजुङ सेवा समाज यूएईका प्रमुख सल्लाहकार विष्णुलाल श्रेष्ठ, नेपाली समाज यूएईका महासचिव केदार कुँवार, कास्की आदर्श सेवा समाजका अध्यक्ष शिवकुमार श्रेष्ठ, गुल्मी सेवा समाज यूएईका अध्यक्ष राम श्रेष्ठ, परदेशी हातेमालो सहकारी संस्थाका अध्यक्ष मनु खड्का, सयपत्री इस्ट्रका सञ्चालक अर्जुन श्रेष्ठ, एभरेस्ट ममका सञ्चालक विष्णु अधिकारी, एनआरएनए एनसीसी यूएईका उपाध्यक्ष भिम मल्ल ठकुरी, एनआरएनए एनसीसीका महासचिव भुवन कुमार वाग्ले, गुल्मी सेवा समाज यूएईका संरक्षक कृष्ण गौतम, नेपाली समाज यूएईका प्रवक्ता जीवन पंगेनी, गुल्मी सेवा समाज यूएईका प्रवक्ता एवम् एनआरएनए एनसीसी यूएईका सांस्कृतिक विभाग प्रमुख कमलजंग कार्की, नेपाली जनसम्पर्क समिति यूएईका सहमहामन्त्री तुलसी भुसाल, गुल्मी सेवा समाज यूएईका महासचिव एवम् एनआरएनए एनसीसी यूएईका सचिव जीवन सिंह ठकुरी, कास्की आदर्श सेवा समाज यूएईका वरिष्ठ उपाध्यक्ष शिवराज बस्टाकोटी, एनआरएनए एनसीसी यूएईका सचिव कुमार श्रेष्ठलागायत विभिन्न समाजिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

प्रतियोगितालाई नेपाल एनए एनआरएनए एनसीसी यूएईका अध्यक्षले विशेष प्रायोजन, तनहुँ सेवा समाजका टिम कोच राजु तिमिल्सिनाले दोस्रो पुरस्कार प्रायोजन र अन्य प्रयोजकहरुमा समाजका सल्लाहकार एवम् एनआरएनए एनसीसी यूएईका महिला उपाध्यक्ष सोनम श्रेष्ठको एमटी ८८४८ नेपाली रेस्टुरेन्टबाट खेलाडीहरुलाई जर्सी, पिउने पानीको प्रायोजन माइ अरब बोट्टलड ड्रिङकिङ वाटर, क्युट लुक्स ब्युटी पार्लर, सयपत्री ट्राभल, कोसेली ट्राभल, केडी फ्र्यागरेन्स फ्युजन, याक एण्ड यति नेपाली रेस्टुरेन्ट, भीएनजे ग्लोबल, तनहुँ सेवा समाजका टिम म्यानेजर प्रदिप श्रेष्ठ (राजु), समाजका वरिष्ठ उपाध्यक्ष कल्पना रिमाल, तनहुँ सेवा समाज यूएईका सल्लाहकार एवम् एनआरएनए एनसीसी युएईका उपाध्यक्ष प्रकाश थापा, तनहुँ सेवा समाज यूएईका सल्लाहकार विष्णु बगाले, एनआरएनए एनसीसी युएईका युवा संयोजक एवम् समाजका उपाध्यक्ष अपिल भट्टराई, कार्यक्रम संयोजक जितेन्द्र कार्की, मेरो डिजाइन मेरो उपाहार, योग नारायण अधिकारीलगायत कार्यसमितिका पदधिकारीहरुले सहयोग गरेका थिए ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक तथा खानीजन्य वस्तुको विक्रि निकासी शुल्क दस्तुर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८०/१०/१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नमोबुद्ध नगरपालिकाबाट आ.व.२०८०/०८१ को लागि मिति २०८०/११/०९ देखि २०८१ आषाढ मसान्त सम्म देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐनमा उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको वक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालय बाट बोलपत्र सम्बन्धी कागजात (e–Bid Document) १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

| ठेक्का नं. | कर तथा दस्तुर संकलन क्षेत्र | मिति: २०८०/११/०९ गते देखि २०८१ असार मसान्तसम्मको मूल्यांकित | | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम ठेक्का मूल्य (मू.अ.क बाहेक) | न्यूनतम ठेक्का मूल्य (मू.अ.क समेत) | | |
| NMUN/IR/2080/081-03 | नमोबुद्ध नगरपालिका क्षेत्रमा रहेको श्री तिरूपति रोडा ढुंगा उद्योग प्रा.लि.बाट निस्कासित रोडा, ढुंगा तथा अन्य प्राकृतिक श्रोत | २६,९४,६९०।२७ (छब्बीस लाख चैरानब्बे हजार छ सय नब्बे रुपैया सत्ताइस पैसा मात्र) | ३०,४५,०००।- (तीस लाख पैतालिस हजार मात्र) | ५०००।-(पाँच हजार मात्र) | |
| बैंक्त खाता नं. | **Name of the Bank:** Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>**Office Name:** Namobuddha Municipality Office<br>**Rajaswa (revenue) account no (for bid fee): Ga-1-1- 1540100301010002**<br>**Dharauti Account No. (For Bid Security): Ga-3-1- 1540100303000002** | | | | |

नोटः यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाईट namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।



### कुमारी बैंक लिमिटेड शाखा कार्यालय उर्लाबारी, मोरङ्गको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/१७ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय उर्लाबारी, मोरङ्गबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ २४ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय उर्लाबारी, मोरङ्गमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**
धन बहादुर भट्टराईको नाती, दिल बहादुर भट्टराई/नरमाया भट्टराईको छोरा, शिला कुमारी रिजालको पति मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा. वडा नं.५ बस्ने **डिल्लीराम भट्टराई** (ना.प्र.प.न २५५२/७८२ जारी मिति २०५२/०३/०९ जिल्ला प्रशासन कार्यालय मोरङ्ग)...१ र चन्दलाल रिजालको नातिनी, प्रेम प्रसाद रिजाल/देवीमाया रिजालको छोरी, दिल बहादुर भट्टराईको बुहारी, डिल्लीराम भट्टराईको पत्नी मोरङ्ग जिल्ला, झोराहाट गा.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल जिल्ला मोरङ्ग, उर्लाबारी न.पा वडा नं. ०५ बस्ने **शिला कुमारी रिजाल** (ना.प्र.प.न ४३०८० जारी मिति २०५६/०३/२३ जिल्ला प्रशासन कार्यालय मोरङ्ग)...१ समेत जना २ ।

**लिलाम हुने सम्पत्तिको विवरण:**
१. **डिल्लीराम भट्टराई**को नाममा मालपोत कार्यालय बेलबारीमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, उर्लाबारी न.पा वडा नं. ०५ स्थित कित्ता नं. २९५८ को क्षेत्रफल ०-०-०६-० (बि.क.धु.क) जग्गा तथा उक्त जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) अर्थात २०८० माघ २३ गते** भित्र बैंकको शाखा कार्यालय उर्लाबारी, मोरङ्गमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय उर्लाबारी, मोरङ्गबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० माघ २४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय उर्लाबारी, मोरङ्गमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय उर्लाबारी, मोरङ्गमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० माघ २४ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय उर्लाबारी, मोरङ्ग फोन नं. ०२१-५४२०६२**



**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Rupandehi**

## Invitation for Bids

**IFBNo:-5/RIDORUP/080-81**
**Date of Publication: 31 January, 2024 (2080-10-17)**

1. Road Infrastructure Development Office, Rupandehi invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure.

| S. N. | Project Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Estimated Amount (excluding VAT) | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount (NRs) | Validity Period (days) |
| 1 | Blacktop Road Maintenance work of Badera Santpur Sanda Ramgram 1 samma Sadak, Nawalparasi. | RIDORUP/NAW/134/NCB/080-81/51 | 3000 | 2,566,597.77 | May 31, 2024 | 64,000.00 | June 30, 2024 |
| 2 | Blacktop Road Construction work in Loktantrit Marga Bidhut Chauk Dekhi shivalaya Chauk hudai Baruwa Road, Bardaghat 5 & 6, Nawalparasi. | RIDORUP/NAW/134/NCB/080-81/130 | 3000 | 4,277,098.49 | May 31, 2024 | 107,000.00 | June 30, 2024 |
| 3 | Sunwal Mahal Pokhari Gothadi Palpa Road, Sunwal-4, Nawalparasi . | RIDORUP/NAW/134/NCB/080-81/131 | 3000 | 2,568,611.32 | May 31, 2024 | 65,000.00 | June 30, 2024 |
| 4 | Upgrading Of i) Dinbandhu Ko Foram Dekhi Ghobaha Nala Road, Pratappur-6 ii) Chhotki Badauli Pul dekhi Nepal bharat Sima Samma, Pratappur 5 & iii) Khaireni Pul dekhi Parsauni Samma Road, Pratappur 9, Nawalparasi. | RIDORUP/NAW/134/NCB/080-81/132 | 3000 | 3,846,798.68 | May 31, 2024 | 97,000.00 | June 30, 2024 |
| 5 | Upgrading OF i) Mathura Chauk Dekhi Akhanda Pra.Vi. Paschim Samma & ii) Samser Chauk Dekhi Gaurighola Musalman Chauk Samma, Bardghat-13, 5, Nawalparasi. | RIDORUP/NAW/134/NCB/080-81/133 | 3000 | 2,993,507.29 | May 31, 2024 | 75,000.00 | June 30, 2024 |
| 6 | Upgrading of i) Ibrahim Ansari Ko ghar dekhi Tara Shrestha ko ghar Road , ii) Paras Baniya ko ghar dekhi Nebulal Baniya ko ghar samma bato, iii) Rabindra Yadav Ko Ghar dekhiKush Harijan ko ghar samma bato, Ramgram-17, Nawalparasi . | RIDORUP/NAW/134/NCB/080-81/134 | 3000 | 2,564,002.03 | May 31, 2024 | 65,000.00 | June 30, 2024 |
| 7 | Upgrading of i) Sarawal -3 Goini Dakshin Tole Road, ii) Madhabaliya dekhi Naudiya Samma Road Dhalai, Sarawal-6, Nawalparasi . | RIDORUP/NAW/134/NCB/080-81/135 | 3000 | 2,992,850.86 | May 31, 2024 | 75,000.00 | June 30, 2024 |
| 8 | Upgrading Of i)Sunwal-4 ko Turiya Dekhi ward no-10 ko Gulmeli Tole Samma Sadak & ii)Ganesh Mandir Dekhi Lahure tole hudai Tharu Gaun Jodne adhuro Sadak, Sunwal-11, Nawalparasi. | RIDORUP/NAW/134/NCB/080-81/136 | 3000 | 2,137,052.73 | May 31, 2024 | 54,000.00 | June 30, 2024 |
| 9 | Upgrading of Headquarter of Armed police Force Number 27 Gadh Road Bhairahawa Rupandehi | RIDORUP/RUP/134/NCB/080-81/137 | 3000 | 3,420,981.03 | May 31, 2024 | 86,000.00 | June 30, 2024 |

2. **Submission and Opening:**

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| **March 3, 2024 (2080/11/20)** | 12:00 hrs | **March 3, 2024 (2080/11/20)** | 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. **Revenue Account Details:**

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, ButwalRupandehi | RastriyaBanijya Bank | Butwal Branch | 1000100200010000 **(Rajaswa)** | **Office code:** 3370148025, Road Infrastructure Development Office, Rupandehi **Revenue Heading no:** 14229 |

4. Pre-bid meeting shall be held at the office on February 21, 2024at 11:00 AM at the office premise.
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. Bidders are requested to read the bid document carefully and submit the required documents in a clear and understandable form and as per the instructions given in the bid document. Failure in the submission of the required document demanded in the bid document may lead to disqualification.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**पृष्ठभूमी**

१. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा बागमती प्रदेश आर्थिक ऐनको प्रावधान अनुसार नगरपालिकाले “ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरी ढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क संकलन गर्न सक्ने ।

२. संघीय सरकारले राष्ट्रिय गौरवका पुर्वाधार निर्माण आयोजनाहरु निर्माण गरिरहेकोले ढुंगा, गिटी, बालुवा, माटो जस्ता प्राकृतिक एवं खानीजन्य वस्तुको माग बढिरहेको,

३. यस नगरपालिकाको आन्तरिक आम्दानीका लागि कानून बमोजिम आफ्नो अधिकार क्षेत्रत्रभित्र पर्ने देहायका क्षेत्रबाट आम्दानी गर्न सक्ने देखिएको ।

**बोलपत्रका शर्तहरुः**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०८०/८१ सम्मको फर्म नवीकरण, आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गरि सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंङ्कमा रहेको ग १ १ आन्तरिक राजस्व खाता खाता नं १५४०१००३०१०१०००२ मा रु. ५०००।- (अक्षरेपी रु. पाँच हजार मात्र) जम्मा गरी **e-bid** मार्फत बोलपत्र पेश गर्नुपर्नेछ।

२. बोलपत्र फारम साथ बोलपत्र जमानत वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैकमा रहेको धरौटी खाता नं. १५४०१००३०३००००००२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ग्यारेन्टी (विडवण्ड) पेश गर्नुपर्ने छ।

३. वोलपत्र फाराम खरिद एंव दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

४. प्राप्त हुन आएका वोलपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिनको १:०० बजे प्रस्तावदाता वा निजका प्रतितनिधिहरुको रोहवरमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

५. नेपाल सरकारका प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयमले तिर्नुपर्नेछ ।

६. ढुंङ्गा, वालुवा, माटोका आदिका कर तथा शूल्क संकलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १. | ढुंङ्गा,गिट्टी, वालुवा, स्लेट, माटो, ग्राभेल र रोडा घाटगद्दी एंव बिक्री | प्रति घन फिट | ९ |

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक,
बागमती प्रदेश, नेपाल

माथि उल्लेखित दर बागमती प्रदेशको आर्थिक ऐन, २०७९ को अनुसूची ५ बमोजिम तोकिएको छ। उक्त दरमा हेरफेर भएमा सोही अनुपातमा न्यूनतम कबोल रकम कायम गरिनेछ।

७. बोलपत्र दाताले कबोल अंक **(BOQ)** मा आफुले कबुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. यस नगरपालिकालाई रकम बुझाउँनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन।

९. कुल कवोल **(**मू.अ.कर समेत**)** अंकलाइ तीन किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौता गर्नु पूर्व बुझाउनु पर्नेछ र बाँकी ३० प्रतिशत रकम वि.सं २०८१ बैशाख मसान्त र अन्तिम किस्ता बापत ३० प्रतिशत रकम वि.सं २०८१ असार २५ गते भित्र दाखिला गर्नुपर्नेछ । कूल कबोल अंकको प्रथम किस्ता रकम बाहेकको ६ महिना अवधि भएको कार्यसम्पादन जमानत समेत सम्झौताका बखत पेश गर्नुपर्नेछ । उपरोक्त बमोजिम तोकिएको समयावधि भित्र ठेक्का किस्ता रकम दाखिला नगरेमा यस कार्यालयको पक्षमा जारी भई प्राप्त बैक जमानीबाट ठेक्का किस्ता असुल गरिनेछ ।

१०. प्राप्त हुन आउने किस्ता रकमबाट मू.अ.कर कट्टा गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिनेछ।

११. तोकिएको समयमा सम्पूर्ण किस्ता रकम समेत नबुझाएमा नमोबुद्ध नगरपालिकाको तर्फबाट नियमानुसार कार्वाही हुनेछ। सो विषयमा कुनै किसिसमको दावी/उजुरी वा हर्जना दावी हुने छैन।

१२. ठेक्का अविधभर ठेक्का लिने पक्षको कारणबाट ठेक्का तोड्ने छैन। कारणबस बीचैमा ठेक्का तोडेमा ठेक्का लिनेले कबोल गरेको रकम नियमानुसार असुल गरिनेछ।

१३. आय संकलन गर्नका निमित्त स्थानीय तहको क्षेत्र भित्र निजी तथा व्यवसायिक उत्पादन भई बिक्री हुने मालसामानहरु (ढुंगा**,** गिट्टी**,** ग्राभेल**,** बालुवा**,** रोडा**,** माटो**,** दहत्तर बहत्तर आदी) को नमोबुद्ध नगरपालिकाबाट यसैसाथ संलग्न तोकिएको दरमा बिक्री निकासी शुल्क दस्तुरको रूपमा आय संकलन गरी नमोबुद्ध नगरपालिका**,** नगर कार्यपालिकाको कार्यालयलाई किस्ता रकम बुझाउनु पर्नेछ। यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

१४. शुल्क दस्तुर कार्यालयद्वारा तोकिएको प्राकृतिक तथा खनीजन्य वस्तु (ढुंगा**,** गिट्टी**,** ग्राभेल**,** बालुवा**,** रोडा**,** माटो**,** दहत्तर बहत्तर आदी) को विक्री निकासी शुल्क दस्तुर बमोजिम संकलन कार्य गर्नु पर्नेछ। साथै शुल्क दस्तुरको दररेटको विवरण सहितको बोर्ड सबैले देख्ने गरी सम्बन्धित संकलन केन्द्रहरुमा राख्नु पर्नेछ ।

१५. **कर उठाउने क्षेत्र/स्थानः नमोबुद्ध नगरपालिका वडा नं ६ अवस्थित श्री तिरूपति रोडा ढुंगा उद्योग प्रा.लि बाट निष्कासित प्राकृतिक स्रोत तथा खानीजन्य वस्तुको विक्री निकासी शुल्क संकलन गर्नु पर्नेछ। अन्यको हकमा नमोबुद्ध नगरपालिकाको नियमानुसार गर्नेछ।**

१६. प्राकृतिक तथा खानीजन्य सामाग्रीहरु निकासी शुल्क संकलनको प्रतिवेदन चौमासिक रुपमा तयार गरी नमोबुद्ध नगरपालिकामा बुझाउनु पर्नेछ ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक,
बागमती प्रदेश, नेपाल

१७. यस सूचनामा उल्लेखित क्षेत्रका अलावा नयाँ क्षेत्र (खोला/नदी/खानी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीहरुको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत **IEE** को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नमोबुद्ध नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मूल्य असुल गरिनेछ।

१८. यस कार्यालयबाट **IEE** को प्रतिवेदन स्वीकृत भई यस ठेक्का समावेश क्षेत्रको निर्माण सामाग्री नेपाल सरकार/दातृ निकायद्वारा संचालित विकास आयोजनाहरुमा प्रयोग गर्ने गरी यस कार्यालय र निर्माण आयोजना/कम्पनी बीच सम्झौता भएको खण्डमा **IEE** मा उल्लेखित परिमाणसम्मको सामाग्रीहरुको विक्री तथा निकासी शुल्क दस्तुर वापतको रकम यस ठेक्काको रकमबाट घटाई ठेक्का किस्ता रकममा मिलान गरिनेछ ।

१९. प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन समिति तथा नमोबुद्ध नगरपालिकाको अनुगमन समितिले अनुगमन गरी दिएको निर्देशनहरुलाई तत्काल कडाईका साथ पालना गर्नुपर्नेछ।

२०. अन्य शर्तहरुका हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक,
बागमती प्रदेश, नेपाल

नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक

वागमती प्रदेश, नेपाल

## नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक तथा खानीजन्य वस्तुको विक्रि निकासी शुल्क दस्तुर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१०/१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड घ (६) अनुसार यस नमोबुद्ध नगरपालिकाबाट आ.व.२०८०/०८१ को लागि मिति २०८०।११।०९ देखि २०८१ आषाढ मसान्त सम्म देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी बोलपत्र बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी यस नगरक्षेत्र भित्र उत्पादन गरिएका ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको वक्रि तथा निकासी शुल्क संकलन कार्यमा बोलपत्र पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरु बाट तोकीएको न्युनतम अंकमा नघट्ने गरी नगरपालिकाको कार्यालय बाट बोलपत्र सम्बन्धी कागजात (e-Bid Document) १५ औं दिन भित्र खरिद गरी १६ औं दनिको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

| सि.नं | कर तथा दस्तुर संकलन क्षेत्र | मिति २०८०।११।०९ गते देखि २०८१ असार मसान्तसम्मको मूल्यांकित | | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम ठेक्का मूल्य(मू.अ.क बाहेक | न्यूनतम ठेक्का मूल्य(मू.अ.क समेत) | | |
| २. | नमोबुद्ध नगरपालिका क्षेत्रमा रहेको श्री तिरूपति रोडा ढुंगा उद्योग प्रा.लि.बाट निस्कासित रोडा, ढुंगा तथा अन्य प्राकृतिक श्रोत | २६,९४,६९०.२७।- (छब्बीस लाख चैरानब्बे हजार छ सय नब्बे रुपैया सत्ताइस पैसा मात्र) | ३०,४५,०००।- (तीस लाख पैतालिस हजार मात्र) | ५,०००/- (पाँच हजार मात्र) | |

नोटः यस सम्बन्धि विस्तृत सूचना कार्यालयको वेबसाईट namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, वागमती प्रदेश, नेपाल